स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"दुश्मन हेरेको हेर्‍यै" सन् २०२५ मा युट्युबमा सबभन्दा धेरै हेरिने नेपाली गीत बनेको छ। सन् २०२४ को डिसेम्बर ३० मा रिलिज गीतलाई एक वर्षमा झन्डै १५ करोड पटक हेरिएको छ। दुर्गेश थापाको प्रस्तुति रहेको गीत युट्युबको ग्लोबल ट्रेन्डिङमा समेत परेको थियो। सन् २०२५ सकिन लाग्दा (आइतबार) सम्म गीतलाई १४ करोड ७५ लाख ५४ हजारभन्दा बढी पटक हेरिएको छ।

**आजको विचार...**



बंगलादेशको ... *(दुई पेजमा)*

रमेश अधिकारी



सौगात मल्ल नेपाली चलचित्र क्षेत्रका अभिनेता तथा निर्माता हुन्। उनले नेपाली चलचित्र कागबेनीबाट चलचित्र क्षेत्रमा प्रवेश गरेका थिए। तथा सन् २०१२को चलचित्र लूटमा हाकुकालेको अभिनयबाट प्रसिद्ध भएका थिए। सौगात मल्लको जन्म नवलपरासीको परासीमा भएको थियो। उनको बाल्यकाल नवलपरासीमै बित्यो।

❒ वर्ष ३१ अंक १५३ ❒ २०८२ पुस १५ गते मंगलबार 30 December 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# आज सामाजिक सद्भावको पर्व 'पुसे पन्ध्र'

## देशभर सार्वजनिक विदा

**हाम्रा संवाददाता**

**पाल्पा,** पुस १४/आज 'पुसे पन्ध्र' धुमधामका साथ मनाइँदैछ । सामाजिक सद्भावका रुपमा मनाइने यो पर्व विशेष गरी मगर समुदायसँगै अन्य जातिले मनाउने गर्दछन् ।

हरेक वर्ष पुस १५ का दिन विशेषगरी तरुल, सक्खरखण्ड, फर्सी, पिँडालु लगायतका माटोमुनि उम्रिने चिजलाई उसिनेर खाने चलन छ । माटोमुनि उम्रिने पदार्थ खाँदा जाडो भाग्ने र शरीरमा स्फूर्ति, तागत बढ्ने भएकाले खाने गरिएको पुराना पुस्ताहरु बताउँछन् । पुसे १५ मा टोल छिमेकको एक घरमा भेला भई आगो तापेर रातभर जाग्रम बस्ने, जाग्रम बसेका बेला तरुल, पिँडालु, सखरखण्ड लगायतका कन्दमूलका साथै पाकेको फर्सी उसिनेर खाने गरेको पाल्पा तानसेनकी शर्मिला खत्रीलाई अझै




सम्झना छ । यो पर्वमा विवाह भएर गएकी छोरीलाई पनि घरमा बोलाई भव्य रूपमा स्वागत सत्कार गर्ने गरिन्छ । लोकसंस्कृतिको मौलिक पहिचान बोकेको पुस १५ गतेको रात वर्षभरिकै सबैभन्दा लामो रात भएको विश्वासमा पुसे १५ मनाउने गरिन्छ । यो पर्वमा दिनमाभन्दा रातिको समयमा एक ठाउँमा भेला भएर मीठो मसिनो खाँदै कथा तथा दन्त्य कथा सुनाउनुलाई विशेष महत्वका रुपमा लिने गरिएको छ । विशेषगरी रातमा नसुतेर यो पर्व मनाउने परम्परा रहे पनि बदलिँदो परिवेशमा यसको खास महत्व दर्शाउने गरी मनाउने परम्परा भने हराउँदै जान थालेको छ । स्याङ्जाका गोपाल पोखरेलले पहिलेको पुस्ताजस्तो गरी नयाँ पुस्ताले पुसे १५ नमनाएको बताउँछन् । पहिले पहिले तिहारमा भैलो खेलेर जम्मा भएको रकमबाट पुस १५ मै पिक्नीक अर्थात् 'वनभोज' खाने गरिन्थ्यो । पुस १५ को आसपास सबैभन्दा चिसो समय हुने भएकाले चिसोबाट बच्न र शरीरसमेत फूर्तिलो हुने भएकाले चिल्लो पदार्थ हालेका तातो खानेकुरा खाने गरिएको समेत उनको भनाइ छ । पुस १५ मा घरबाहिर पकाएर खानुपर्ने मान्यताका कारण परिवारका सबै सदस्य 'वनभोज'जाने र मीठामीठा खानेकुरा खाने चलन पनि विगतदेखि नै चल्दै आएको हो । आजको दिन सबै परिवार एकै ठाउँ बसेर रमाइलो गरिन्छ । यहाँका प्राय: सबै नागरिक घरमा लगाएको र जंगलमा पाइने तरुल खनेर उसिनेर खान्छन् । आज तरुल खानैपर्ने मान्यता रहेकाले पाल्पा, गुल्मी लगायत देशैभरका बजार क्षेत्रमा सोमबार तरुल किन्नेको घुइँचो लागेको थियो । नेपालका केही केही स्थानमा गाउँखाने र दन्त्य कथा सुन्ने तथा सुनाउने मौलिक पर्वका रुपमा 'पुसे १५' लाई लिने पनि गरिन्छ ।

*(...बाँकी अन्तिम पेजमा)*

**संक्षिप्त समाचार**

## रेल दुर्घटना हुँदा १३ जनाको मृत्यु

**(रासस/एएनआई)**

**मेक्सिकोसिटी (मेक्सिको),** पुस १४/मेक्सिकोको सेलिना क्रुज-कोटजाकोलकोस मार्गमको तेहुआनटेपेक रेलवेको इस्थमसको इन्टरओसेनिक कोरिडोरमा यात्रु बहाक रेल दुर्घटना हुँदा कम्तिमा १३ जनाको मृत्यु हुनुका साथै ९८ जना घाइते भएको मेक्सिकन नौसेना सचिवालयले जनाएको छ । तेहुआनटेपेकको इस्थमसको इन्टरओसेनिक कोरिडोरको निरीक्षण गर्ने मेक्सिकन नौसेनाले जारी गरेको विज्ञप्ति अनुसार दुर्घटनाको समयमा लाइन जेडमा रहेको रेलमा करिब २५० यात्रुहरु सवार थिए । घाइते ९८ जना यात्रु मध्ये ३६ जनाको अस्पतालमा उपचार भइरहेको छ । १३९ जना यात्रु खतरा मुक्त भएको बताइएको छ । नौसेनाले घटनामा ज्यान गुमाउनेहरूका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै प्रभावितहरूलाई तत्काल सहायता प्रदान गर्न जिम्मेवारीपूर्वक, पारदर्शी रूपमा र कानूनको पूर्ण अनुपालन गर्ने आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेको छ ।

## चिसो मौसममा सुरक्षित रहौं।

**चिसो मौसममा:**

-तातो तथा न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,

-घर तथा कोठा न्यानो बनाऔं,

-बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,

-न्यानो सिरक ओढेर सुत्ने गरौं,

-जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,

-चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,

-कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# 'अब साक्षरबाट शिक्षित प्रदेशतर्फ अघि बढ्छौँ'

**लुम्बिनी,** पुस १४/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई अब साक्षरबाट शिक्षित प्रदेशको रूपमा घोषणा गर्ने गरी सरकारले प्राथमिकताका साथ काम गर्ने बताएका छन् ।

प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित साक्षर लुम्बिनी प्रदेश घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षक, विद्यार्थी, अभिभावकलगायत सबै सरोकारवालाको अथक प्रयासका कारण साक्षर प्रदेश घोषणा सम्भव भएको र यसलाई दिगो रूपमा अघि बढाउने जिम्मेवारी सबैको हुने बताए । "घोषणा आफैँमा ठूलो कुरा होइन । साक्षरतालाई टिकाइ राख्नु मुख्य विषय हो । अब हामी साक्षरबाट शिक्षित प्रदेशको घोषणा गर्नेतर्फ छिट्टै अघि बढ्नुपर्छ", उनले भने, "यससँगै प्रदेशलाई दुर्व्यसनमुक्त बनाउने




अभियान सशक्त रूपमा अघि बढाउन आवश्यक छ ।" मुख्यमन्त्री आचार्यले नवयुवा दुर्व्यसनमा फस्नु चिन्ताको विषय भएको उल्लेख गर्दै अब दुर्व्यसनमुक्त प्रदेश बनाउने विषय सबैको साझा संकल्प हुनुपर्ने बताए । प्रदेश सरकारले सामाजिक विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम र कानुन निर्माणमा जोड दिँदै आएको उनले स्पष्ट पारे । प्रदेशमा साक्षरताको मापदण्ड पूरा भई १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.१६ प्रतिशत पुगेकाले लुम्बिनी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको मुख्यमन्त्री आचार्यको भनाइ थियो । लुम्बिनी प्रदेशमा पाँच हजार ७२२ सामुदायिक बाल विकास केन्द्र, चार हजार ४३९ सामुदायिक विद्यालय, तीन विश्वविद्यालय, १८७ क्याम्पस र तीन सय २९ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रदेशभर विद्यालय तहमा १२ लाख ४६ हजार २७२ विद्यार्थी अध्ययनरत छन् । प्रदेश सभामुख तुलाराम घर्तिमगरले सामाजिक न्यायसँग जोडिएका ऐन निर्माण गर्न आवश्यक रहेको बताए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## पुस पन्ध्र र हाम्रो दायित्व

**पुस पन्ध्रले हामीलाई मेहनत, सहकार्य र आत्मनिर्भरताको स्मरण गराउँछ । किसानले वर्षभरि गरेको श्रमको प्रतिफल भित्र्याउने समय यही हो । त्यसैले यो दिन श्रमप्रति सम्मान गर्ने, कृषि पेशालाई सम्मानित बनाउने र उत्पादनमुखी सोचलाई प्रवर्द्धन गर्ने अवसरका रूपमा लिनु हाम्रो दायित्व हो ।**

**दुर्भाग्यवश आज कृषि पेशाबाट पलायन बढ्दो छ र परम्परागत मूल्यहरू ओझेलमा पर्दै गएका छन् । नेपाली समाजमा सांस्कृतिक, सामाजिक र पारिवारिक हिसाबले विशेष महत्व बोकेको दिन हो । विशेषतः पहाडी तथा ग्रामीण भेगमा यो दिनलाई चाडपर्वकै रूपमा मनाउने चलन छ । अन्नबाली भित्र्याइसकेपछि परिवार, आफन्त र छिमेकीबीच एकआपसमा सुख–दुःख साट्ने, परिकार बाँड्ने र आत्मीयता बढाउने अवसरका रूपमा पुस पन्ध्र स्थापित हुँदै आएको छ । समयक्रमसँगै यसको अर्थ केवल खानपान र रमाइलोमा सीमित हुँदै जानु चिन्ताको विषय पनि बनेको छ । अर्कोतर्फ, पुस पन्ध्रले सामाजिक एकता र सद्भावको सन्देश पनि दिन्छ । जात, वर्ग र हैसियतको भेद नगरी एउटै आगनमा बसेर परिकार साटासाट गर्ने चलन हाम्रो सामाजिक पूँजी हो । तर पछिल्लो समय व्यक्तिगत स्वार्थ, उपभोक्तावाद र देखावटी संस्कृतिले यस्ता मूल्यहरू कमजोर बनाउँदै लगेका छन् । यसलाई जोगाउनु आजको पुस्ताको साझा जिम्मेवारी हो । पुस पन्ध्र जस्ता दिनहरूलाई आत्ममन्थनको अवसरका रूपमा पनि उपयोग गर्न सकिन्छ । देश राजनीतिक, आर्थिक र सामाजिक चुनौतीले घेरिएको अवस्थामा छ । युवामा बढ्दो निराशा, रोजगारीको अभाव र नैतिक मूल्यमा आएको गिरावट गम्भीर समस्या बनेका छन् । यस्तो परिवेशमा पुस पन्ध्रले हामीलाई आफ्नो कर्तव्यबोध स्मरण गराउँदै जिम्मेवार नागरिक बन्न प्रेरित गर्नुपर्छ । अन्ततः, पुस पन्ध्र केवल एउटा मिति होइन, यो हाम्रो जीवनशैली, संस्कार र सामूहिक चेतनासँग जोडिएको दिन हो । यसको वास्तविक सार जोगाउँदै सामाजिक सद्भाव, श्रमको सम्मान र राष्ट्रप्रतिको उत्तरदायित्वलाई व्यवहारमा उतार्नु नै आजको प्रमुख आवश्यकता हो ।**

## Opinion @ Socia Network

तिमीले देखावटी प्रेम गरेर मन जित्यौ ,अनि मैले मनदेखि प्रेम गरेर हारे

*(विशाल मल्लको फेसबुक स्टाटसबाट www.facebook.com/bishal.mall)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बंगलादेशको जस्तो कहालीलाग्दो ठाउँमा नपुगोस् नेपाल



**रमेश अधिकारी**

आजकल चिया पसलदेखि चौतारासम्म, अन्तर्वार्तादिखि अखबारका पानासम्म नेपाल बंगलादेशको पथमा जाँदैछ वा जान लागेको छ भनेर चर्चा र चिन्ता गरिएको सुनिन्छ वा पढिन्छ । प्रधानमन्त्री सुशीला कार्कीले समेत पुस १० गते बाह्रखरी कथा प्रतियोगिताका विजेता घोषणा तथा पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै 'नेपाललाई बंगलादेश बनाउन दिन नहुने'भनेपछि यसबारे कुतूहलता जागेको छ। प्रधानमन्त्रीजीले त्यसरी कुनै देशको नामै लिएर भन्न हुन्थ्यो कि हुँदैन थियो, मैले यहाँ यो विषय उठाउन खोजेको होइन।

**के नेपाल साँच्चै बंगलादेशको मार्गमा जान लागेको हो त ?**

राजनीतिक अस्थिरताबाट गुज्रिरहेका नेपाल र बंगलादेश दुवै दक्षिण एसियाली मुलुक हुन्। यी दुई देशका धेरै पक्ष समान छन् र दुवैको भविष्य अन्योल देखिन्छ। अन्योलताको मात्रा र दर भने फरक देखिन्छ। दुई मुलुकको जनसंख्या, भूगोल र विकासको गतिमा पनि भिन्नता देखिन्छ। बंगलादेश १७.५ करोड जनसंख्यासहित विश्वकै घना मुलुकमध्ये एक (१,२६५ व्यक्ति/वर्गकिलोमिटर) हो। जबकि, करिब ३ करोड जनसंख्या भएको नेपालमा जनघनत्व करिब २०० प्रति वर्गकिलोमिटर छ। क्षेत्रफलको हिसाबले लगभग उस्तै भए पनि भूगोलका हिसाबले बंगलादेश समथर तटीय क्षेत्रमा छ। त्यसैले बाढी र जलवायु परिवर्तजको जोखिम उच्च छ। नेपाल मूलत: हिमाल, पहाड र तराई भूभागमा फैलिएको छ। र, आधारभूत संरचना निर्माण र यातायातको मुख्य चुनौती भोगिरहेको छ।बंगलादेश श्रमशक्ति, रेमिटेन्स र वैदेशिक रोजगारीमा समान रूपमा निर्भर छ। तयारी पोसाक उद्योगमा आधारित तीव्र आर्थिक वृद्धिले प्रति व्यक्ति आय २५९३ डलर पुऱ्याएको छ। नेपालको प्रति व्यक्ति आय १४४७ डलरमा छ।मानव विकास सूचकांकमा पनि बंगलादेश ०.६७० मा देखिन्छ भने नेपाल ०.६०१ मा छ।यसरी आर्थिक दृष्टिले बंगलादेश अगाडि देखिए पनि राजनीतिक स्थिरतामा कुरा फरक छ।ग्लोबल पिस इन्डेक्स २०२५ अनुसार बंगलादेश १३९ श्रेणीमा (मध्यम जोखिम) र नेपाल ७९ श्रेणीमा (निकै शान्तिपूर्ण) पर्छ। यसैगरी फ्राजाइल स्टेट इन्डेक्समा बंगलादेश ४९.१ (उच्च चेतावनी) र नेपाल ७२.३ (चेतावनी) वर्गमा पर्छ।नेपालमा सन् २००८ यता सरकार धेरै पटक बदलिए पनि संवैधानिक निरन्तरता कायम रह्यो। सन् २००८ मा पहिलो संविधानसभाको, सन् २०१३ मा दोस्रो संविधानसभाको र सन् २०१७ र सन् २०२२ मा भएका आवधिक निर्वाचन तुलनात्मक रूपमा स्वच्छ, निष्पक्ष, विश्वसनीय र समावेशी भए जसले लोकतन्त्र मजबुत हुँदै गयो। बंगलादेशमा भने सन् २००९ देखि २०२४ सम्म एउटै दलको स्थायी शासन रह्यो । पटक-पटक भएका निर्वाचनहरू नाम मात्रका भए। सन् २०२४ पछि राजनीतिक प्रणालीमै ठूलो संकट आयो। यसरी हेर्दा अर्थतन्त्र र मानव विकासमा बंगलादेशले नेपाललाई उछिने पनि राजनीतिक स्थिरता, संक्रमण व्यवस्थापन, शान्तिपूर्ण सत्ता-हस्तान्तरण र समग्र लोकतन्त्रमा भने नेपाल बढी उत्तरदायी र परिपक्व देखिन्छ। दुवै देशको आसन्न निर्वाचन हेर्दा नेपाल तुलनात्मक रूपमा सुरक्षित र वैधानिक बाटोमा देखिन्छ । अब बंगलादेशको राजनीतिक उतारचढावको कुरा गरौं।

बंगलादेशले सन् १९७१ मा स्वतन्त्र भएयता १९७५ देखि १९९० र २००७ देखि २००८ सम्म दुई पटक सैनिक शासन बेहोऱ्यो। सन् १९७५ मा शेख मुजिब र सन् १९८१ मा जिया-उर-रहमानको हत्या भएको थियो। यसरी १९८० दशकको सैन्य शासन र सन् २००९ देखि २०२४ सम्मको हसिनाकाल दुवै अवधिमा बंगलादेश एकदलीय अधिनायकवादी प्रवृत्तिले प्रभावित भयो। हालको विद्यार्थी आन्दोलनपछि अवामी लिगमाथिको प्रतिबन्धले झन् संकट थपियो।पछिल्ला पचास वर्षमा १९ पटकसम्म संकटकाल वा कर्फ्यु लागिसकेको बंगलादेशमा सन् २०२४ को आन्दोलनपछि अहिले पनि हिंसा र प्रतिशोध लगातार बढ्दो छ।कहिल्यै विदेशी उपनिवेशमा नपरेको देश नेपालमा सन् २००८ मा शान्तिपूर्ण रूपमा २४० वर्षे राजतन्त्र अन्त्य गरी गणतन्त्रमा प्रवेश गऱ्यो। सन् २०१५ मा संविधान जारी गऱ्यो। सन् २०२५ को जेनजी आन्दोलनपछि फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको छ।नेपालमा यस अवधिमा कुनै सैनिक कू नभए पनि हालैको राजनीतिक परिवर्तनमा सेनाको चासो र संलग्नता देखिएको थियो। अन्तरिम सरकार गठनपछि भने सेना पछाडी सऱ्यो।शेख हसिनाको सत्ता पतनदेखि लिएर विद्यार्थी आन्दोलन, अन्तरिम सरकारले गरेको अवामी लिगमाथिको प्रतिबन्ध र हसिनालाई मृत्युदण्ड सुनाउने अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणको फैसलापछि बंगलादेशको राजनीतिक गाँठो सहजै खोल्न सकिने स्थिति देखिँदैन।यसरी हेर्दा दुई देशको अवस्था स्पष्ट रूपमा भिन्न छ। बंगलादेशमा भएको यो परिवर्तन केवल नेतृत्व परिवर्तन होइन, राज्यको चरित्र नै कसरी रूपान्तरण हुन सक्छ भन्ने उदाहरण हो।नेपालको परिवर्तन भनेको अवस्था परिवर्तन गर, देशमा सुशासन देऊ र भ्रष्टाचार निवारण वा न्यूनीकरण गर भन्ने माग हो।बंगलादेशले पछिल्लो समयमा अपनाएको 'निषेधको राजनीति' का रूपमा राजनीतिक दललाई प्रतिबन्ध, नेताहरूलाई कानुनी प्रक्रियाद्वारा प्रतिस्पर्धाबाट रोक लगाउने र राज्य संयन्त्रले विरोधीको उपस्थिति मन नपराउने कारणले यति छोटो अवधिमा कत्रो ठूलो संकट आयो भन्ने हाम्रा लागि पाठ हुन सक्छ।दक्षिण एसियाका दुई प्रमुख शक्ति राष्टू भारत र चीनसँगको सम्बन्ध व्यवस्थापन गर्ने सन्दर्भमा नेपाल र बंगलादेश फरक फरक मार्गमा उभिएको भन्न सकिन्छ।नेपालले ऐतिहासिक रूपमै दुवै छिमेकीसँगको सम्बन्ध तुलनात्मक रूपमा सन्तुलित र तटस्थ राख्ने प्रयास गर्दै आएको छ। यस कारण ठूला राजनीतिक उतारचढावबीच पनि कूटनीतिक दुर्घटनाको जोखिम न्यून देखिएको छ।बंगलादेशको सन्दर्भमा भने परिस्थिति अत्यन्तै जटिल र चिन्ताजनक बनेको छ। भारत र बंगलादेशबीच भिसा सुविधा स्थगन हुनुले दुई देशबीचको कूटनीतिक र जनस्तरको सम्बन्धलाई ऐतिहासिक रूपमै संशयपूर्ण मोडमा पुऱ्याएको छ।एक हिन्दु विद्यार्थीको सार्वजनिक हत्या हुनुले त्यहाँको आन्तरिक सुरक्षा, कानुनी राज्यको उपहास र साम्प्रदायिक सदभावमा उत्पन्न गम्भीर संकट उजागर गरेको छ। यसबाट अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा बंगलादेशलाई एक्लो बनाउने मात्र नभई, आन्तरिक रूपमा प्रतिशोध र हिंसाको नयाँ शृंखला सुरू गर्ने जोखिम बढेको छ। यसले आसन्न निर्वाचन र लोकतान्त्रिक स्थिरताको भविष्यलाई झनै अनिश्चित बनाएको छ।नेपालमा पनि नटुंगिएको शान्ति प्रक्रिया, दण्डहीनता, राजनीतिक प्रतिशोध, अधुरो संक्रमणकालीन न्याय, प्रमुख दलहरूको अविश्वास र सुरक्षा निकायको भूमिका सम्बन्धी चर्चा लगातार भइरहेका छन्।यस्तो संवेदनशील समयमै बंगलादेशको पाठबाट नेपालले सिक्न सके आगामी मार्ग सहज हुने देखिन्छ।

**बंगलादेशको पछिल्लो सुरक्षा संकट**

भर्खरै विद्यार्थी नेता तथा आगामी निर्वाचनका उम्मेदवार शरीफ उस्मान हादीको ढाकामा नकाबधारी समूहद्वारा गोली हानी गरिएको हत्या र लगत्तै श्रमिक संगठनका शीर्ष नेतामाथि भएको गोली प्रहारले देशमा सुरक्षा र विधिको शासनको स्थिति झन् झन् चिन्ताजनक हुँदैछ । बंगलादेशमा निषेध र प्रतिशोधका कारण राजनीतिक प्रतिस्पर्धाको सट्टा हिंसा र असुरक्षाले स्थान लिँदै गएको छ । यसले लोकतन्त्र कमजोर हुँदै गएको भान हुन्छ।बंगलादेशका यस्ता दु:खद घटनाक्रमहरू नेपालका लागि पनि चेतावनी हुन्।निर्वाचनको मुखमा उम्मेदवारहरूकै हत्या हुनु र श्रमिक नेताहरू असुरक्षित हुनुले बंगलादेशमा आसन्न निर्वाचनको वैधानिकता र सम्भावना दुवैलाई थप संशयमा पारेको छ।नेपालमा पनि सन् २००६ देखि निकास दिन नसकिएको र उच्च प्राथमिकतामा नपरेको संक्रमणकालीन न्याय र दण्डहीनताको स्थिति ढिला नगरी विधिसम्मत रूपमा सम्बोधन गर्नुपर्छ। यसो नगरे नेपालमा पनि असन्तुष्टि र प्रतिशोधले यस्तै हिंसात्मक रूप लिन नसक्ला भन्न सकिँदैन।निर्वाचनको तयारीमा जुटिरहेको नेपालले बंगलादेशको यो रक्तपातपूर्ण बाटोबाट पाठ सिक्दै कुनै पनि पक्षलाई निषेध नगरी सहमति र संवैधानिक सुरक्षाको प्रत्याभूति गराउन सरकारले छाती ठूलो बनाउनुपर्छ। नयाँ तथा पुराना दलहरूले जिम्मेवारीबोध गरी संयमता अपनाउनुपर्छ। नागरिक समाज र मिडियाले यसमा साधुका रूपमा काम गर्न सक्छन्।

**बंगलादेशको संकट-निषेधको राजनीति**

सन् २०२४ को कोटा आन्दोलनको नाममा सडकमा आक्रोश बढ्दै जाँदा शेख हसिनाको १५ वर्षे लामो सत्तावादी शैली, संस्थागत भ्रष्टाचार, विपक्षीविरुद्धको लगातार दमन, मानव अधिकार दुरूपयोग र लोकतान्त्रिक संस्थाको अवमूल्यन विरूद्धको जनआक्रोशले उग्र रूप लियो। र, शेख हसिना भागेर छिमेकी राष्ट्र भारतको शरणमा पुगिन्। अहिले उनी निर्वासित जीवन बिताइरहेकी छन्। अरब स्प्रिङदेखि चिलीका शिक्षा आन्दोलनसम्म र नेपालको सामाजिक सञ्जालहरू प्रतिबन्ध भएपछि लिइएका आन्दोलन प्राय: सबै साना मुद्दाबाट सुरू भई ठूलो राजनीतिक परिवर्तनको मागमा विस्तार भएका देखिन्छन्।तसर्थ यस मामिलामा आन्दोलनको उठान साना साना मुद्दाबाट भएका कारण दुवै देश समान भोगाइ राख्छन्।बंगलादेशमा शासकीय सुधार, निष्पक्ष निर्वाचन र राज्य संयन्त्रमा भएको राजनीतिकरण अन्त्य गर्ने प्राथमिकता लिएर अन्तरिम सरकारका प्रमुखमा नोबेल विजेता मुहम्मद युनुस नियुक्त भए । प्रारम्भमा अन्तरिम सरकारले सबै तहबाट राम्रो समर्थन पायो। अवामी लिगलाई आतंकवादी समूह घोषणा गर्नुपर्ने, आन्दोलनमा भएको दमनको छानबिन हुनुपर्ने र हसिना लगायत तत्कालीन सत्तासीनहरूलाई कठोर सजाय दिनुपर्ने माग जोडतोडका साथ उठ्यो।अन्तरिम सरकारले त्यसै दबाबमा सन् २०२५ मे १० मा एन्टी(टेररिजम एक्ट प्रयोग गर्दै अवामी लिगमाथि प्रतिबन्ध घोषणा गऱ्यो। दुई दिनपछि निर्वाचन आयोगले दलको दर्ता निलम्बन गऱ्यो र चुनाव चिह्नसमेत खोस्यो। यसरी बंगलादेशमा विस्तारै निषेधको राजनीति सुरू भयो।बंगलादेश त्यतिमै मात्र रोकिएन। यही नोभेम्बर १७ मा अन्तर्राष्टिूय अपराध न्यायाधीकरणले हसिना विरूद्धको मुद्दामा मृत्युदण्ड सुनायो। यसले गर्दा बंगलादेशमै मात्र होइन, भारत, अमेरिका, युरोपेली युनियन र संयुक्त राष्टूसंघसम्म व्यापक प्रतिक्रिया उत्पन्न गरायो। राजनीति कति कठोर हुन्छ भन्ने कुराको साक्षी नोबेल पुरस्कार विजेता युनुस बने र उनी लगातार निर्णयहरू लिँदै गए। अहिलेको मार्गमा बंगलादेश अगाडि बढ्यो भने युनुसको यात्रा सहज छैन ।बंगलादेशमा निर्वाचनको वैधानिकतामाथि प्रश्न उठेको छ । एक ठूलो आधार भएको पार्टी बिना गरिने निर्वाचन कस्तो होला, हेर्न बाँकी छ। राजनीतिक हिंसा ध्रुवीकरण ह्वात्तै बढ्यो। देशमा सैन्यकरणको संकेत देखियो र सन् २०२६ मा हुने भनिएको निर्वाचनको सम्भावना कम हुँदै गयो।यस मामलामा नेपाललाई धेरै प्रगतिशील मानिन्छ र दलहरू बिस्तारै चुनावको तयारीमा लागेको महसुस हुन्छ।

**(...बाँकी अन्तिम तेस्रो पृष्ठमा )**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :नयाँ योजनाहरू कोरिनेछन्। सेवामुलक कर्मले गर्दा सम्मानमा वृद्धि हुनेछ । | **तुला** :सम्मानमा वृद्धि हुनेछ ।साथीको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । |
| **वृष** : खानपान र स्वस्थ्यमा ध्यान पुऱ्याउनु राम्रो हुन्छ । लगनशील भएर कार्य गर्नुहोला। | **वृश्चिक** : संघर्ष गर्नुपर्ला व्यक्तिगत रुचिको सामानमा धन खर्च हुनेछ । |
| **मिथुन** :स्वत: स्फुर्ती निर्णयले लाभ हुनेछ ।सफलता मिल्नाले शान्ति छाउला । | **धनु** : मन प्रफुल्ल रहने छ । लाभका नयाँ स्रोतहरू फेला पर्नेछन् । |
| **कर्कट** : कर्मको प्रतिफल प्राप्त हुनेछ । आकस्मिक धन खर्च हुनसक्ने छ । | **मकर** :रुखो बोल्नबाट टाढारहन् होला। सोचेको नतिजा तत्काल प्राप्त नहोला । |
| **सिंह** : यात्रा सफल रहनेछ । थोरै लगानिले धेरै लाभ हुने छ । | **कुम्भ** :योग्यताको मूल्यांकन हुने छ । परिस्थितिले नयाँ मार्गप्रशस्त गर्ने छ। |
| **कन्या** : आम्दनीको स्रोत कमजोर र हनेछ । फाइदाको लागि प्रयत्न गर्नुपर्ला। | **मीन** : भेटघाटले दिन उत्साहजनक र हनेछ । प्रतिर्स्पमा विजयी भइनेछ । |

विज्ञान/सूचना प्रविधि

# सोलार लिफ्टमार्फत ३२७ घरमा खानेपानी



गुल्मीमा पछिल्लो समयमा सोलार लिफ्ट प्रविधिप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ । सोलार लिफ्ट खानेपानी परियोजनाबाट गुल्मीदरबार गाउँपालिका-१ बलिथुममा रहखोला देवीस्थान सोलार लिफ्टिङ परियोजनामार्फत ३२७ घरमा खानेपानी पुऱ्याइएको हो । वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका स्थानीयलाई लुम्बिनी प्रदेशबाट रु १५ लाख, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट रु ५५ लाख ३३ हजार, ग्रामीण प्रविधि केन्द्रबाट रु २९ लाख ६१ हजार उपलब्ध गराइएको थियो । त्यसैगरी गुल्मीदरबार गाउँपालिकाबाट रु २२ लाख, वाइन टु वाटर नेपालबाट रु ५५ लाख ६२ हजार र रु २४ लाख बराबरको स्थानीय उपभोक्ताको श्रमदानबाट खानेपानी परियोजना सम्पन्न भएको गाउँपालिकाका अध्यक्ष सरोजकुमार थापाले जानकारी दिए । ग्रामीण प्रविधि केन्द्रको समन्वय तथा प्राविधिक सहयोगमा जल-ऊर्जा र खाद्य प्रणालीमा नवीकरणीय ऊर्जा प्रविधिमार्फत जलवायु परिवर्तन उत्थानशिलता र जीविकोपार्जनका लागि सहयोग परियोजनामार्फत बलिथुमका अधिकांश घरमा खानेपानी पुऱ्याइएको छ । स्थानीय सरकारले मात्रै लगानी गर्न नसक्ने काममा दातृ निकायको सहयोगबाट उक्त परियोजना सम्पन्न गरेर घरघरमा खानेपानीको सुविधा पुगेको उपाध्यक्ष तारा थापा ढँगा बताउन्छिन् ।*-रासस*

# बंगलादेशको जस्तो...

**नेपालमा दण्डहीनता पुनः नदोहोरियोस्**

दण्डहीनता नेपालमा राजनीतिक संरचनाको गहिरो र आधारभूत हिस्सा बनेको छ। २०४६ सालको आन्दोलन होस् वा सशस्त्र द्वन्द्वकालमा, ठूला अपराधहरूमा संलग्न व्यक्तिहरू आज शक्तिशाली नेता, मन्त्री वा उच्च तहका क्याडरका रूपमा स्थापित छन्।जनार्दन मल्लिक र कृष्ण रायमाझीको प्रतिवेदन मात्र कार्यान्वयन भएको भए अहिले नेपालको स्थिति धेरै फरक हुन्थ्यो। सायद जेन्जी आन्दोलन नहुन पनि सक्थ्यो।नेपालमा ठूला अपराधका अभियोगीहरूलाई राजनीतिक दलहरूले संरक्षण दिँदै आएका छन्। उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदा शान्ति प्रक्रिया भंग हुने वा राजनीतिक अस्थिरता आउने कुतर्क दिएर संक्रमणकालीन न्यायमा थुप्रै अनुत्तरित प्रश्नहरू यथावत छन्।अब त्यो दण्डहीनताको घटना दोहोरियो भने अर्को ठूलो दुर्घटनामा जाने निश्चित छ। यो अवस्था जेनजी आन्दोलनका पीडितहरूले न्याय नपाउने र पीडकहरूकै रजगज हुने दिन आयो भने नेपाल अर्को दुर्घटनामा जान सक्ने सम्भावना प्रशस्त छ।आशा गरौं, जेनजी आन्दोलनका घटनाबारे न्यायिक जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदनले औंल्याएका कुराहरू र हालै सरकार र जेनजीबीच भएको १० बुँदे सम्झौता अनुसार सुधारहरू कार्यान्वयन पक्षमा अगाडि बढ्नेछन्।

**निषेधको राजनीतिको खतरा**

बंगलादेशमा हालै देखिएको जस्तो 'निषेधको राजनीति' यदि नेपालको जटिल राजनीतिक परिवेशमा प्रवेश गऱ्यो भने त्यो यहाँको लोकतन्त्र र शान्ति प्रक्रियाका लागि विनाशकारी हुनेछ।हाल देखिएका तीन पक्ष-पुराना राजनीतिक दल, जेनजी आन्दोलनकारीहरू र सरकारबीचको जटिल सम्बन्ध र जबाफदेहिताको डरले यदि कुनै एक पक्षलाई राजनीतिक प्रतिशोध साध्न कसैलाई पछाडि पार्ने प्रयास गरियो भने यसले प्रतिशोधको घातक चक्र सुरू गर्नेछ।नेपालको राजनीतिक संरचना 'निषेधको राजनीति' थेग्न सक्ने अवस्थामा छैन।संविधानले शक्ति सन्तुलनको व्यवस्था गरे पनि राजनीतिक दबाबका कारण कार्यपालिका हावी हुने गरेको छ। न्यायपालिका र व्यवस्थापिका अपेक्षित रूपमा स्वतन्त्र र प्रभावकारी हुन सकेका छैनन्।प्रमुख दलहरू आफै आन्तरिक गुटबन्दी र विभाजनको खतरामा छन्। "निषेधको राजनीति' ले यी दलहरूभित्र रहेका गुटहरूलाई प्रतिशोधको खेल खेल्न उक्साउनेछ, जसले राजनीतिक अस्थिरतालाई चरम सीमामा पुऱ्याउनेछ।

निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक संस्थाहरूमाथि राजनीतिक हस्तक्षेपको आरोप लाग्ने गरेको छ। अन्तरिम सरकारले यो आरोपलाई बिस्तारै न्यूनीकरण गर्दै लैजानुपर्छ। त्यसका लागि सुशासनको एउटा महत्वपूर्ण पक्ष निष्पक्षता र कानुनी राजमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ।कानुनको आँखामा सबै समान हुन् भन्ने सन्देश दिन सकियो भने जेनजी आन्दोलनमा उठाइएका नेपो किड्स, नातावाद, कृपावाद र दलवादको असरबाट अलिकति भए पनि सकारात्मक सन्देश जानेछ।बंगलादेशमा निर्वाचन आयोगले सत्तारूढ दललाई प्रतिबन्ध लगाएको घटनाले देखाउँछ कि जब यी संस्थाहरूलाई राजनीतिक मतियार बनाइन्छ, तब लोकतन्त्रको आधार नै भत्किन्छ।त्यसैले बंगलादेशमा जस्तो कुनै राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने सम्भावना नेपालमा न्यून छ। भूलले पनि प्रतिशोधमा आधारित मुद्दा चलाउने जस्तो गलत बाटो नेपालले लिन हुँदैन।गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित न्यायिक आयोगको निष्पक्षता अहिलेको अहम प्राथमिकता हो।

**बंगलादेशबाट नेपालले सिक्नैपर्ने पाँच प्रमुख पाठ**

पहिलो, अवामी लिगमाथि प्रतिबन्ध लगाउने निर्णयले बंगलादेशमा लोकतन्त्रलाई नै अपूरणीय क्षति पुऱ्यायो। नेपालमा यो सम्भावना शून्यप्रायः छ। तर निर्वाचनको वैधता र स्वच्छतालाई ध्यानमा राखेर अरू प्रकारका निषेधको राजनीति गर्ने कसैलाई छुट छैन।

दोस्रो, दण्डहीनता चिर्ने नाममा प्रतिशोधी कानुन वा निर्णय लिँदैमा लोकतन्त्र बलियो हुँदैन। बंगलादेशले यही गल्ती गऱ्यो। राजनीतिक अराजकता, हिंसा र बाह्य हस्तक्षेप बढ्यो। नेपालले त्यसबाट सजग रहनु अनिवार्य छ। यसका लागि गौरीबहादुर कार्कीको न्यायिक जाँचबुझ आयोगको निष्पक्षताले महत्वपूर्ण सन्देश दिन सक्छ।तेस्रो, नेपालको हालसम्मको अवस्था हेर्दा लगभग सबै ठूला दलहरूले फागुन २१ को निर्वाचनमा भाग लिने सम्भावना देखिन्छ। वा कुनै पनि आगामी निर्वाचनमा प्रमुख दलहरूलाई खेलबाटै बाहिर राखेर निर्वाचन गरियो भने राजनीतिक र प्राविधिक दुवै संकट निम्त्याउँछ।त्यस कारण सबै राजनीतिक दलहरूको सहभागिताका लागि सरकार र निर्वाचन आयोगले घनिभूत र नियमित वार्ता चलाइराख्नुपर्छ।चौथो, दण्डहीनतालाई प्रतिशोधबाट नभई विधिसम्मत रूपमा अन्त्य गर्नुपर्छ र प्रक्रिया पीडित-केन्द्रित, पारदर्शी तथा राजनीतिक लेनदेन वा प्रतिशोधमुक्त बनाउनुपर्छ।पाँचौं, नेपालले आफ्नो विशिष्ट भौगोलिक अवस्थाका कारण भारत, चीन र पश्चिमा शक्तिहरूसँगको सम्बन्ध सन्तुलित राख्नुपर्छ। बंगलादेश र भारतबीचको वर्तमान सम्बन्धको चिसोपनबाट पाठ सिक्दै नेपालले आफ्नो कूटनीतिक परिपक्वता देखाउनु आवश्यक छ।बंगलादेशको वर्तमान राजनीतिक संकटको छिटा छिमेकी राष्ट्रहरूमा नपर्ने कुरै भएन। राजनीति प्रतिशोधमा गएपछि न्याय विस्थापित हुन्छ र त्यसले सम्हाल्न नसक्ने गरी संकटकाल निम्त्याउँछ भन्ने उदाहरण बंगलादेश बनेको छ।दिनदहाडै गोली प्रहार गरेर उम्मेदवारहरूकै हत्या गर्ने वातावरणले निर्वाचनको वैधानिकतामाथि ठूलो प्रश्न खडा गरेको छ। अब बंगलादेशले कानुनी प्रक्रियालाई बदला लिने औजार बनाउनु हुँदैन। बंगलादेशी सरकारले त्यस्तो गल्ती गऱ्यो भने अराजकता र विभाजनको दरार झन् बढ्ने सम्भावना छ ।विधिसम्मत समाधान र न्याय खोजिरहेका देशमा नेपालका लागि यो सन्देश झनै संवेदनशील छ।यदि नेपालमा न्याय बंगलादेशमा जस्तै 'प्रतिशोध' मा रूपान्तरित भयो भने, त्यसले फेरि अर्को हिंसात्मक चक्रको सुरूआत गर्न सक्छ। बंगलादेशको 'निषेधको राजनीति' गरेर कुनै पक्षलाई राजनीतिक खेलबाट बाहिर राख्ने काम नेपालमा हालसम्म देखिएको छैन। तर पनि सरकारले नियमित र घनिभूत रूपमा दलहरूसँग वार्ता गरिरहनुपर्छ। बंगलादेशको जस्तो कहालीलाग्दो ठाउँमा नेपाल नपुगोस् ।आगामी फागुन २१ को निर्वाचन, दलहरूबीचको बढ्दो अविश्वास र असन्तुष्टिका कारण कठिन मोडमा नेपालले गर्ने निर्णय अत्यन्त महत्वपूर्ण छ। नेपालले बंगलादेशजस्तो निषेध र प्रतिशोधको बाटो रोज्नु हुँदैन । आपसी सहमति, समावेशिता र संवैधानिक मार्गलाई नै प्राथमिकता दिनुपर्छ ।अबको समय निषेधको होइन, स्वच्छ प्रतिस्पर्धाको हुनुपर्छ । आगामी दिन प्रतिशोधको होइन, वास्तविक न्यायको हुनुपर्छ । नेपालले ध्रुवीकरणको साटो सहमति अँगाल्ने सामर्थ्य देखायो भने मात्र फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन स्वतन्त्र, स्वच्छ, विश्वसनीय, समावेशी र भयमुक्त रूपमा सम्पन्न गरी संक्रमणकालको सफल व्यवस्थापन गर्न सम्भव हुनेछ ।**(लेखक रमेश अधिकारीले तीन दशक सुशासन तथा निर्वाचन प्रक्रियामा नेपालसहित श्रीलंका र अफगानिस्तानमा काम गरेका छन्।)**

# इजरायली सेनालाई एन्ड्रोइड फोनमा प्रतिबन्ध



इजरायल डिफेन्स फोर्स (आईडीएफ) ले साइबर सुरक्षालाई मध्यनजर गर्दै आफ्ना वरिष्ठ सैनिक अधिकृतहरूका लागि कडा डिजिटल नीति लागू गरेको छ । नयाँ निर्देशिका अनुसार अब इजरायली सेनाका लेफ्टिनेन्ट कर्नल वा सोभन्दा माथिल्लो दर्जाका अधिकारीहरूले कुनै पनि आधिकारिक काम एन्ड्रोइड स्मार्टफोनबाट गर्न पाउने छैनन् ।सेनाका अनुसार अब सबै सैन्य सञ्चार, कमाण्ड आदेश, रिपोर्टिङ र संवेदनशील डाटा आदान-प्रदानका लागि सैन्य अधिकारीहरूले केवल आइफोन मात्रै प्रयोग गर्नुपर्नेछ । यस निर्णयलाई पछिल्ला वर्षहरूमा बढ्दो साइबर हमला र डिजिटल जासुसीको खतरालाई रोक्ने रणनीतिक कदमका रूपमा हेरिएको छ ।

**एन्ड्रोइड फोन कि जोखिमपूर्ण ?**

इजरायली सैन्य रेडियो र जेरुसलेम पोस्टका रिपोर्टअनुसार आइडिएफले गरेको आन्तरिक सुरक्षा मूल्यांकनमा एन्ड्रोइड डिभाइसहरू तुलनात्मक रूपमा बढी असुरक्षित देखिएका हुन् ।खुला प्रणाली भएका कारण तेस्रो पक्षका एप र अनधिकृत सफ्टवेयर एन्ड्रोइडमा सजिलै प्रवेश गर्न सक्छन् । यसले मालवेयर संक्रमणको जोखिम बढाएको सेनाको ठहर छ ।परीक्षणका क्रममा एन्ड्रोइड फोनमा जासुसी सफ्टवेयर घुसाउन सजिलो देखिएको र त्यसमार्फत फोन प्रयोगकर्ताको गतिविधि ट्र्याक गर्न सकिने देखिएको उल्लेख छ ।

हनीपोट आक्रमण र डिजिटल जासुसीको जाल पछिल्ला वर्षहरूमा इजरायली सैनिक तथा अधिकारीहरूलाई लक्षित गर्दै नयाँ प्रकारका साइबर हमला भएको सेनाको भनाइ छ । विशेषगरी 'हनीपोट' भन्ने रणनीतिअन्तर्गत नक्कली सामाजिक सञ्जाल खाता बनाएर सैनिकहरूसँग मित्रता बढाइँदै फोनमा खतरनाक लिंक पठाइने गरेको पाइएको छ ।ती लिंक खोलेपछि मोबाइलमा भाइरस प्रवेश गरी सम्बन्धित सैनिक व्यक्तिको लोकेसन, सम्पर्क विवरण र गोप्य सूचना चोरी गरिने प्रयासहरू निरन्तर भइरहेको भन्दै इजरायली सेनाले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

**नयाँ निर्देशिका के भन्छ ?**

इजरायल नेसनल न्यूजका अनुसार सेनाको नयाँ निर्देशिकामा अब एन्ड्रोइड फोनलाई कुनै पनि प्रकारको सैन्य वा प्रशासनिक काममा प्रयोग गर्न नपाइने स्पष्ट उल्लेख गरिएको छ ।यद्यपि व्यक्तिगत प्रयोगका लागि भने एन्ड्रोइड फोनलाई पूर्ण रूपमा निषेध गरिएको छैन ।सेनाको उद्देश्य सैनिकको निजी स्वतन्त्रता कुण्ठित गर्नु नभएको तर सुरक्षा र गोपनीयतालाई सर्वोच्च प्राथमिकता दिनु रहेको दाबी आईडीएफको छ ।गुगललाई झट्का,

**एप्पललाई फाइदा**

इजरायली सेनाको उक्त निर्णय त्यतिखेर आएको हो, जब गुगलले आफ्नो पिक्सेल फोन अमेरिकी रक्षा मन्त्रालयको सुरक्षा सूचीमा सूचीकृत भएको दाबी गर्दै आएको थियो । तर आईडीएफको निष्कर्ष तथा कदम भने फरक देखिएको छ ।इजरायली सेनाले एप्पलको बन्द र नियन्त्रित प्रणाली एन्ड्रोइड भन्दा बढी सुरक्षित रहेको ठहर गर्दै आइफोन चयन गरेको हो । यस निर्णयलाई प्रविधि बजारमा गुगलका लागि झटका र एप्पलका लागि रणनीतिक लाभका रूपमा पनि हेरिएको छ ।

**आईडीएफको गोप्य अभ्यास**

रिपोर्टअनुसार आईडीएफ केवल आदेश जारी गरेर मात्रै यस्तो निष्कर्षमा पुगेको होइन । उसले आफ्नै सैनिकमाथि साइबर हमलाको सिमुलेशन गर्दै गहिरो परीक्षण गरेको थियो ।त्यसक्रममा मुस्लिम विद्रोही संगठन हिजबुल्लाहसँग सम्बन्धित नक्कली प्रोफाइलहरू सिर्जना गरी सैनिकहरूको प्रतिक्रिया र मोबाइल सुरक्षाको परीक्षण गरिएको थियो । यस अभ्यासमा एन्ड्रोइड डिभाइस अपेक्षाकृत छिटो जोखिममा परेको र आइफोन सुरक्षा प्रणाली तुलनात्मक रूपमा बलियो देखिएको सेनाले निकालेको निष्कर्षमा उल्लेख छ ।

**डिजिटल युद्धको नयाँ मोर्चा**

वास्तवमा इजरायली सेनाको पछिल्लो निर्णय केवल मोबाइल फोन छनोटको विषयमा मात्रै सीमित छैन । यो निर्णय बदलिँदो युद्ध रणनीतिको संकेत पनि हो । वर्तमानमा युद्ध केवल सीमानामा होइन स्मार्टफोनको स्क्रिनमा पनि भईरहेको छ ।डाटा, लोकेसन र संवाद नै आधुनिक युद्धका हतियार बनेका छन् । आफ्ना उच्च पदस्थ सैनिकका लागि एन्ड्रोइड स्मार्टफोन प्रतिबन्धित गरेर इजरायलले स्पष्ट सन्देश दिएको छ कि अब सैनिकको सुरक्षा केवल बन्दुकबाट मात्र होइन मोबाइलबाट पनि सुनिश्चित गर्नुपर्छ ।

*-अनलाईन खबर डटकम*

# विमान दुर्घटनाको अनुसन्धान

**अंकारा,** लिबियाली सैन्य प्रमुखसहित आठ जनाको मृत्यु भएको विमान दुर्घटनाको अनुसन्धान सुरु भएको छ । विज्ञहरूले टर्कीमा भएको विमान दुर्घटनाबाट बरामद गरिएको ब्ल्याक बक्सको जाँच सुरु गरेको टर्कीको रक्षा मन्त्रालयले बिहीबार जनाएको छ । लिबियाली अधिकारीहरूसँगको सहकार्यमा अनुसन्धान भइरहेको बताइएको छ । मंगलबार टर्कीको राजधानी अंकाराबाट उडान भरेपछि पश्चिमी लिबियाली सैन्य प्रमुख जनरल मुहम्मद अली अहमद अल(हद्दाद, अन्य चार सैन्य अधिकारी र तीन चालक दलका सदस्यहरू बोकेको निजी विमान दुर्घटनाग्रस्त भएको थियो । यस घटनामा विमानमा सवार सबैको मृत्यु भएको छ ।एपीको समाचारका अनुसार लिबियाली अधिकारीहरूले प्राविधिक खराबीका कारण दुर्घटना भएको बताएका छन् । अल(हद्दाद पश्चिमी लिबियाका एक शीर्ष सैन्य कमाण्डर



थिए र लिबियाली सेनालाई एकताबद्ध गर्न संयुक्त राष्ट्रसंघको मध्यस्थतामा गरिएको प्रयासमा प्रमुख भूमिका खेलेका थिए ।टर्की र लिबिया बिचको सैन्य सहयोग प्रवर्द्धन गर्ने उद्देश्यले अंकारामा रक्षा वार्ता गरेपछि उच्चस्तरीय लिबियाली प्रतिनिधिमण्डल लिबियाको राजधानी त्रिपोली फर्किरहेको थियो। टर्कीका गृहमन्त्री अली येर्लिकायका अनुसार ३ वर्ग किलोमिटर (एक वर्ग माइलभन्दा बढी) क्षेत्रमा विमानको भग्नावशेष छरिएको थियो, जसले गर्दा उद्धार प्रयासहरू जटिल भएका थिए । जहाजमा मारिएका पाँच जना परिवारका सदस्यहरूसहित २२ जनाको प्रतिनिधिमण्डल बुधबार बिहान लिबियाबाट अनुसन्धानमा सहयोग गर्न आइपुगेको जनाइएको छ।*-रातोपाटी*

# पूर्वगृहमन्त्री लेखकले दिए बयान



**पाल्पा,** पुस १४/ निवर्तमान गृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता रमेश लेखकले जाँचबुझ आयोगमा बयान दिएका छन् । सोमबार भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगमा बयान दिँदै उनले व्यक्तिगत रूपले आफ्नो पनि ठूलो क्षति भएको बताएका छन् । "व्यक्तिगत रूपले यो घटनामा मेरो आफ्नो पनि ठूलो क्षति भएको छ । महेन्द्रनगर र काठमाडौंका घरहरू आगो लगाएर नष्ट गरिए ।...तैपनि सिंगो देश नै खरानी बनाइएका बेला मेरो व्यक्तिगत पीडालाई गौण ठानेको छु," उनले भनेका छन् । त्यस्तै उनले २३ गतेको घटनाको नैतिक जिम्मेवारी लिए पनि २४ गतेको घटना भने नियोजित भएको बताएका छन् । सार्वजनिक पदमा बसेको मान्छेमाथि प्रश्न उठेपछि जवाफ दिनु लोकतन्त्रिक मूल्य र मान्यता भएको उनको भनाई छ । "जेनजी युवाले भदौ २३ गते माइतीघरमा सामान्य प्रदर्शन गर्ने भन्नुभएको थियो । तर आन्दोलनमा फदयविदारक घटना भए । उहाँहरुको माग जायज थिए । त्यतिबेला सरकारले जायज माग पूरा गर्दै नै थियो ।" बयान पछि पत्रकार सम्मेलनमा उनले भने, "जेनजीले प्रदर्शन गर्ने भनेपछि २२ गते साँझ सुरक्षा समितिको बैठक बोलाएँ, बैठकमा २३ गतेको प्रदर्शनमा बल प्रयोग गर्नुपर्ने योजना बनेको थिएन ।"उनले आन्दोलनमा प्रधानमन्त्री र गृहमन्त्रीले गोली हान्ने आदेश दिने अधिकार नभएको र गोली हान्न आदेश पनि नदिएको बताए । भाद्र २३ मा जेन जी पुस्ताले राखेका माग ठिक भएपनि हाइज्याक भएको उनको भनाई छ । उनले २३ गते शान्तिपूर्ण हुन्छ भन्ने विश्वास लागेर प्रदर्शन गर्न दिएपनि अशान्ति र हताहति भएपछि राजीनामा दिएको उल्लेख गरे । लेखकले आयोगमा भदौ २४ गतेका घटनालाई युवाको मागभन्दा पृथक ढंगले हेर्नुपर्ने र आपराधिक कार्यमा संलग्न जो सुकैलाई कारबाही गर्नुपर्ने जानकारी गराएको बताए । आयोगमा उनले भदौ २३ र २४ को आन्दोलन नियोजित षडयन्त्र भएको र राष्ट्र र लोकतन्त्र माथिको नियोजित आक्रमण भएको ठम्याइ रहेको उनको दाबी छ ।

## खेलकुद समाचार

### १० हजार रन पूरा गर्ने खेलाडी बनिन् स्मृति



**काठमाडौं,** पुस १४/ भारतीय क्रिकेट टोलीकी उपकप्तान स्मृति मन्धना महिला अन्तर्राष्ट्रिय क्रिकेटमा १० हजार रन पूरा गर्ने चौथो खेलाडी बनेकी छन्। यस उपलब्धिसँगै उनी भारतबाट यो आँकडा पार गर्ने दोस्रो खेलाडी बनेकी हुन् । यसअघि मिथाली राज १० हजार ८६८ रनसहित भारतको शीर्ष स्थानमा रहेकी छन् । मन्धनाभन्दा अघि यो कीर्तिमान पूरा गर्ने अन्य खेलाडीहरूमा न्युजिल्यान्डकी सुजी बेट्स ९१० हजार ६५२ रन० र इंग्ल्यान्डकी चार्लोट एड्वाड्र्स ९१०,२७३ रन० छन्। मन्धनाले सबैभन्दा छिटो १० हजार रन पूरा गर्ने कीर्तिमान पनि बनाएकी छन्। उनले सबै फर्म्याटमा गरेर जम्मा २८१ इनिङ्समै यो उपलब्धि हासिल गरिन्।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से दोहोरो अङ्कले घट्यो



**पाल्पा,** पुस १४/ साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेको छ । साताको पहिलो सेयर कारोबार दिन आइतबार ४७ दशमलव ५५ अंकले बढेको नेप्से परिसूचक दोस्रो दिन १० दशमलव ८९ अंकले घटेर २ हजार ६ सय २२ दशमलव ५३ विन्दुमा अडिएको हो । सो अवधिमा ३ सय ३७ कम्पनीको एक करोड ३७ हजार ३०७ कित्ता शेयर ६९ हजार ५ सय ४८ पटक खरिदबिक्री हुँदा चार अर्ब ७७ करोड ४७ लाख ८६ हजार ३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक र म्युचुअल फण्ड बाहेक सबै समूहको उपसूचक घटेको छ । एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको सबैभन्दा बढी २३ करोड दुई लाख ४१ हजार ९३६ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको तीन लाख दुई हजार नौ सय कित्ता शेयर किनबेच भएको छ ।

## आज सामाजिक...

यस दिन राति कथा तथा लोककथा सुन्दै र सुनाउँदै मीठा मसिना परिकार खाएर रातभर जाग्राम बस्ने गरिन्छ । लोकसंस्कृतिको मौलिक पहिचान बोकेको पुस १५ गतेको रात वर्षभरिकै सबैभन्दा लामो रात भएको विश्वासमा पुसे १५ मनाउने गरिन्छ । यो पर्वमा दिनमाभन्दा रातिको समयमा एक ठाउँमा भेला भएर मीठो मसिनो खाँदै कथा तथा दन्त्य कथा सुनाउनुलाई विशेष महत्वका रुपमा लिने गरिएको छ । यस्तै आजकै दिन गुरुङ समुदायले 'तमु ल्होसार' अर्थात् नयाँ वर्ष पनि मनाउँदैछन् । पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गर्न तमु ल्होसार मनाउने चलन रहेको छ । 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनुभएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । तमु ल्होसार लाई गुरुङ समुदायले नयाँ वर्षका रुपमा भव्यरुपमा मनाउँछन् । 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वत लगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो । पर्वका अवसरमा आज सरकारले देशभर सार्वजनिक बिदा समेत दिएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन दररेट**

**साधारण तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

**सरकारी तर्फ**

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

**डिस्प्ले**

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

**अन्य**

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई